# सर्वोच्च अदालतको सूचना

## पुनरावेदन अदालत (पाँचौं संशोधन) नियमावली, २०५९

पुनरावेदन अदालत नियमावली, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, न्याय प्रशासन ऐन, २०४८ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "पुनरावेदन अदालत (पाँचौं संशोधन) नियमावली २०५९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ९ मा संशोधन: पुनरावेदन अदालत नियमावली, २०४८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ९ को खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपिएको छ।

"ञ" आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा १५ बमोजिम श्री ५ को सरकारले तोकेको पुनरावेदन अदालतमा दायर हुने मुद्दा।"

३. मूल नियमावलीको नियम १० मा संशोधन: मूल नियमावलीको नियम १० को खण्ड (क) मा रहेका "नियम ९ को खण्ड (झ)" भन्ने शब्दहरूपछि "र खण्ड (ञ)" भन्ने शब्दहरू थपिएका छन्।

आज्ञाले,
श्रीप्रसाद पण्डित
रजिष्ट्रार



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

900